स्थानीय 'ख' वर्गको

# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष १०, अंक २, २०८० श्रावण ९ मंगलवार (Jhuleni Post Weekly 25 July. 2023) पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-८, बिजुवार
Email : jhulenipyuthan@gmail.com

## स्थानीय तहमा कार्यरत कर्मचारी आन्दोलित




**झुलेनी पोष्ट**

**प्यूठान**

लुम्बिनी प्रदेश सरकारले छलफलका लागि प्रदेशसभामा दर्ता गरेको प्रदेश निजामती कर्मचारी सम्बन्धी विधेयकको विरुद्ध प्रदेशका स्थानीय तहमा कार्यरत कर्मचारी आन्दोलित भएका छन्।

लुम्बिनी प्रदेशसभामा निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० असार २२ गतेको प्रदेशसभा बैठकमा पेस विधेयकको विरुद्ध उनीहरु आन्दोलित भएका हुन् । विधेयकमाथि मंगलबारदेखि प्रदेश सभामा छलफल हुने कार्यसूची रहेको छ। प्रदेश सरकारकै कर्मचारीले पनि विरोध जनाएपछि विधेयकलाई विषयगत समितिमा छलफल गराएर मात्र प्रदेशसभामा दफावार छलफल गराउने तयारी छ । त्यही विधेयकमा राखिएका केही बुँदा र व्यवस्था कर्मचारीको मनोबल गिराउने र स्थानीय तहमा स्वतः समायोजन भएका कर्मचारीहरूको वृत्ति विकास र सेवामा प्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पार्ने खालको भएको कर्मचारीहरूको गुनासो छ । विधेयकमा असन्तुष्टि जनाउँदै त्यसलाई सच्याएर छलफलमा लैजान १२ जिल्लाका १ सय ९ स्थानीय तहका कर्मचारीले संघर्ष समिति बनाएर आन्दोलन घोषणा गरेका छन् । लुम्बिनी प्रदेशका सबै स्थानीय तहमा झन्डै ३ हजार ५ सय कर्मचारी रहेको संघर्ष समितिले जनाएको छ। असन्तुष्ट कर्मचारीले मंगलबार दिउँसो बस्ने प्रदेशसभा बैठक अगाडि प्रदेशसभा भवनको गेटमा धर्ना दिने कार्यक्रम रहेको संघर्ष समितिका संयोजक कृष्णप्रसाद जोसीले बताए।

'समायोजन ऐनले पनि हेरेन, अन्य सेवा ऐनमा राखियो, संघीय ऐन आएको छैन, प्रदेशसभामा दर्ता भएको विधेयकमा पनि सेवा भनियो तर, हामी परिभाषित भएनौं,' उनले भने, 'स्थानीय सेवा ऐन आएको छैन। अहिलेको मस्यौदामा पनि स्थानीय सेवा मात्र लेखियो, त्यसको खास परिभाषित भएन ।' आन्दोलनमा सबै पेशागत संगठनका कर्मचारीहरूको समर्थन रहेको पनि उनले बताए । अहिले पेस भएको विधेयकले स्थानीय

बाँकी ३ पेजमा...

## प्यूठानमा दैनिक दुई हजार लिटर दूध भित्रिन्छ

**बिबश जि.एम**

**झुलेनी पोष्ट**




प्यूठानमा दैनिक दुई हजार भन्दा बढि लिटर दूध जिल्ला बाहिरबाट भित्रने गरेको छ । जिल्लालाई आवश्यक पर्ने दूध अपुग भएपछि बाहिरबाट दूध लिन परेको व्यवसायिहरु बताउँछन् । दूधमा जिल्ला आत्मनिर्भर नहुँदा डेरी पसलहरुले दूध जिल्ला बाहिरबाट लिएर उपभोक्तासम्म पुऱ्याउने गरेका हुन् ।

डेरी पसलहरु धेरै जसोले छिमेकी जिल्ला दाङको लमही, गढवा लगायत देउखुरी उपत्यकाबाट दूध लिएर बिक्री गर्ने गरेका छन् । प्यूठान नगरपालिका ४ जुम्री बजारमा रहेको न्यू पाण्डे डेरी एण्ड हंस बेकरीका सञ्चालक महेन्द्र योगीले आफ्नो डेरीमा जिल्ला भित्रबाट दैनिक १५ लिटर मात्र दूध आउने गरेको बताए। उनको डेरीमा बिक्री हुने बाँकी दूध बाहिरबाट लिने गरेका छन् । 'स्थानीय किसानले लिएको दूधले मात्र कहिल्यै पुग्दैन,' उनले भने, ' हप्तामा करिब १ हजार २ सय लिटर दूध दाङबाट लिने गरेका छौ ।' उनको डेरीबाट दैनिक १ सय लिटर भन्दा बढी दूध विक्री हुने गर्दछ ।

यस्तै यहाँको अर्को किसान डेरी उद्योग एण्ड भद्रकाली बेकरीले पनि जिल्लाका किसानले लिने दूध अपुग भएपछि बाहिरबाट दूध लिएर विक्री गर्ने गरेको छ ।'स्थानीय किसानले ल्याउने दूधले मात्र कहिल्यै पुग्दैन,'सञ्चालक शोभा घिमिरेले भनिन्,'यसले गर्दा दुध बाहिरबाट लिनुपर्छ ।'जिल्लाका ४/५ ठाउँको संकलन केन्द्रबाट दैनिक १ सय ८० लिटर दूध आफ्नो डेरीमा आउने गरेको उनले बताईन ।

जिल्लाको उत्पादनले माग धान्न नसकेपछि बाहिरबाट हप्तामा १ हजार लिटर दूध ल्याउने गरेको उनको भनाई छ । किसान डेरीमा दैनिक १ सय ३० लिटर दूध बिक्री हुन्छ । जिल्ला बाहिरबाट दूध आयात गर्दा समस्या हुने भए पनि बाध्यताले दूध लिनु परेको व्यवसायिहरुको गुनासो छ । लामो यात्राबाट दूध आयात गर्दा ढुवानी धेरै लाग्ने, दूध बिग्रीएर फाल्नु समेत परेको व्यवसायिहरुको गुनासो छ। किसान र पाण्डे डेरीमा मात्र होइन बिजुवार, बाग्दुला, क्वाडी, भिंगृ लगायत बजार क्षेत्रहरुका डेरीहरुले बर्खाको समयमा समेत बाहिरबाट दूध लिएर बिक्री गर्नु पर्ने अवस्था रहेको प्यूठान उद्योग बाणिज्य संघका महासचिब सन्देश आचार्यले बताए।

प्यूठान नगरपालिकाका पशु शाखा प्रमुख गिरीराज पौडेलले नगरपालिका क्षेत्रका बजारहरुमा मात्रै दैनिक १ हजार लिटर दूध खपत हुने गरेको बताए । 'जिल्लालाई धान्ने दूध यहाँ उत्पादन नै हुदैंन,'उनले भने,'बाहिरबाट जिल्लाभरमा दैनिक दुई हजार लिटर दूध भित्र्ने अनुमान छ ।'

### हाम्रो नजर

## उज्यालो विद्यालयको अँध्यारो कथा




*साविकको विजयनगर गाविस हाल प्यूठान नगरपालिका ३ मा रहेको बाल मन्दिर बारे जिल्लामा कमैलाई होला जानकारी नभएको । राजा बिरेन्द्रको पालामा रानी ऐश्वर्या शाहले स्थापना गरेको बाल मन्दिरबाट दूधेपीटो लिएर धेरैले आफ्ना बाल बालिकालाई हुर्काए । त्यही बाल मन्दिर परिसरमा २०४३ सालमा स्थापना भएको विद्यालयको कुनैबेला जिल्लाभरनै बेग्लै शान थियो ।*

*कक्षा कोठाभरी विद्यार्थी हुन्थे । बालबालिकाको लागि विद्यालय मन्दिर नै थियो ।अभिभाबकको भरोसाको केन्द्र थियो । त्यहाँ कक्षा ५ उर्त्तिण गरेका विद्यार्थी नजिकैको मुक्ति मा. वि राटामाटामा कक्षा ६ अध्ययन गर्न पुग्थे। जिल्लाको सुगम स्थान मानिने प्यूठान भालुबाङ मुख्य सडक छेउमै वर्षौंको इतिहास बोकेको बाल मन्दिर प्रा.बि को हाल अवस्था भने निकै नाजुक भएर फेरिएको छ। केहि वर्ष अघिसम्म बाल बालिकाले भरिभराउ हुने बाल मन्दिर हाताभित्र हिजो आज ७/८ जना मात्र नानीबाबुहरु खेलिरहेका देखिन्छन् । यो आर्थिक बर्षमा त विद्यार्थी भर्ना शुन्य जस्तै भयो । विद्यालय प्रशासनका अनुसार यस बर्ष १५ जना मात्र विद्यार्थी भर्ना भएका छन् ।*

*यहाँ बाल बिकास केन्द्र र कक्षा १ देखि कक्षा ३ सम्म पढाई हुन्छ। बाल विकास केन्द्रमा ६ जना, कक्षा १ मा १ जना, कक्षा २ मा ४ जना र कक्षा ३ मा ४ जना विद्यार्थी भर्ना भएको विद्यालयका प्रधानाध्यापक गुणेन्द्र बिष्टले जानकारी दिए । ५ कक्षासम्म पढाई भएको विद्यालयमा यस बर्ष कक्षा घटाएपछि विद्यार्थी संख्या घटेको प्रधानाध्यापक बिष्टको भनाई छ । बाल मन्दिर प्रा वि मा मात्र नभएर प्यूठान नगरपालिका भित्र रहेका ६ वटा विद्यालय पहिले सञ्चालन भएको भन्दा कक्षा घटाएर सञ्चालन गरेको प्यूठान नगरपालिका शिक्षा शाखाले जनाएको छ। नगरपालिकाको मापदण्ड अनुसार कम विद्यार्थी भएका विद्यालयहरुमा कक्षा घटाईएको प्यूठान नगरपालिका शिक्षा शाखा प्रमुख बासुदेव पण्डितले जानकारी दिए ।*

## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने बानी बसालौं । व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर
- नियमित सरसफाई गरौं । दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब
- नगरौं । कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं,र दुई छुट्टाछुट्टै
- भाँडामा संकलन गरौं । सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं ।

अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

झुलेनी पोष्ट
सम्पादकीय....

## किसानका समस्यामा ध्यान पुगोस्

*कर्मचारी र जनप्रतिनिधिलाई आर्थिक वर्ष समाप्तीको चटारो भइरहेकै समयमा जिल्लाका किसानहरुलाई पशु बिरामी पर्ने महामारीले निकै पिरलो बनायो । किसान समुदायलाई गाई,भैंसीमा फैलिएको 'लम्पी स्किन'को महामारीबाट धेरै नोक्सानी भयो । पशु बस्तुमा फैलिएको लम्पी स्किन रोग नियन्त्रणको पहल गर्न र पीडित किसानलाई राहत दिलाउन जिल्लाका स्थानीय तहहरुले ध्यान दिइनन् । असारको चटारो सकिएपनि स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई यो विषयले छुन सकेन ।*

*फागुन देखि जिल्लाका विभिन्न स्थानमा फैलिएको रोग साउनको पहिलो सातासम्म जिल्लाका सबै स्थानीय तहहरुमा पुगिसकेको छ । संक्रमण फैलिएको चार महिनामा यो रोगले पशुपालन मार्फत जिविकोपार्जन गर्ने किसानहरु लाई धेरै नोक्सानी गरेको छ । लम्पीबाट किसानका गोठ खाली भएका छन्।संक्रमणबाट मुक्त भएका गाईभैंसीको दूध घटेको छ । किसानलाइ नोक्सान भइरहेको छा किसानले ऋणमा गरेको लगानी खेर गएको छ । त्यति मात्र होइन, किसानले सबथोक गुमाउनु परेको छ । बाच्छा बाच्छी, गोरु, गर्भिणी, दुधालु लगायत उन्नत जातका गाई,भैंसीमा क्षतिको मात्रा बढी छ । लम्पी निको भए पनि असार मास गोरु संक्रमित हुँदा कतिको रोपाइँ नै प्रभावित भएर खेतबारी बाँझिएका छन् । अझ, पशुमा प्रजनन् समस्या पनि देखिने जोखिम छ । निको भइसकेको पशुलाई पूर्ववत् अवस्थामा ल्याउन पोषण खर्च बढ्ने पनि निश्चित छ । स्थानीय तहहरुका पशु शाखा मार्फत भरपर्दो पूर्वतयारी नहुँदा किसानले नोक्सान व्यहोर्न परेको हो ।*

*महामारी फैलिरहँदा पनि गाउँमा भने न औषधी उपचार छ, न आवश्यक मात्रामा खोपको व्यवस्था । स्थानीय सरकारहरुले प्राविधिकलाई गाउँ-गाउँ खटाउनुपर्छ ।खोप, ज्वरोको औषधि, मल्हम लगायतका आवश्यक सामग्री तत्काल किसानको पहुँचमा पुऱ्याउनुपर्छ । स्थानीय तहरुले सरोकारवाला सित उचित समन्वय गरी व्यवस्थित अभियान चलाउनुपर्छ । महामारी वर्षायाममा थप फैलिन सक्ने भएकाले किसान स्वयंले पनि सतर्कता बढाउनुपर्छ । ज्वरो आएको पशुलाई जोत्न, प्रयोग गर्नु हुदैन आराम गराउनुपर्छ र प्रशस्त मात्रामा सफा पानी खान दिनुपर्छ । पशु स्वास्थ्य प्राविधिकको सल्लाहअनुसार ज्वरो घटाउने औषधि खुवाउनुपर्छ ।घाउ चिलाउन कम गर्ने उचित औषधि प्रयोग गरिदिनुपर्छ ।*

*पशु बस्तुमा मात्र होइन किसानले रोपेका धानमा पनि रोग लागेर किसान समस्यामा परेका छन्।धानमा रोग लागेर सखाप पार्न थालेपछि किसान चिन्तित छन् । धानको बोट रातो पहेलो हुँदै सखाप हुने समस्या किसानको धान खेतमा देखिएको छ । किसानले विषादी छर्केपछि समेत रोग नियन्त्रणमा नआएको कसानहरु बताउँछन्। जनताको नजिकको सरकार भनिने स्थानीय सरकारको ध्यान किसानको समस्या समाधान गर्नमा पुगेको देखिदैना नयाँ आर्थिक बर्ष सुरु भएको छास्थानिय सरकारले किसानको समस्या समाधानमा ठोस निति तथा कार्यक्रम बनाएर समस्या समाधानमा तदरुक्ता देखाउनु पर्दछा परम्परागत कृषिमा चलेका हाम्रा अधिकांश किसानहरुको पछिल्लो समस्याले उनीहरुको दैनिकिमा निकै समस्या पर्नुका साथै बिहान बेलुका छाक टार्न धौ -धौ भएको छा किसान निकै चिन्तित छन् । स्थानिय सरकार ! किसानका समस्या बुझेर समस्या समाधान गर ।*

# कमरेड पुष्पलाल र कम्युनिष्ट आन्दोलनको वैचारिक विकास



निर्मल भट्टराई

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालको ४५औं स्मृति दिवस नेपालमा विभिन्न कार्यक्रम गरी मनाइँदै छ। चौहत्तर वर्षअघि कमरेड पुष्पलालको पहलकदमी र अगुवाइमा गठित नेपाल कम्युनिष्ट पार्टीको नाममा प्रकाशित पहिलो पर्चाले पूर्ण नागरिक स्वतन्त्रता, लेख्न, बोल्न, पढ्न, सभा, संगठन गर्न पाउने अधिकारको लागि संघर्ष गर्ने उद्घोष गरेको थियो।

बहुलवादी समाज, पूर्ण लोकतान्त्रिक अधिकार, जनताको समतामूलक समृद्धि, सामन्तवादको अन्त्य र दलाल नोकरशाही पूँजीवादमाथि शोषित-पीडित जनताको विजय सो पर्चाको मुख्य विषय थियो। पछि जनताको जनवाद, लोक जनवाद, राष्ट्रिय प्रजातन्त्र, नौलो जनवाद, जनताको बहुदलीय जनवाद, एक्काइसौं शताब्दीको जनवाद जस्ता विभिन्न लाइनहरू नेपालको कम्युनिष्ट आन्दोलनले बोक्दै आयो।

नेपालको कम्युनिष्ट आन्दोलनको मूलधार नेकपा(एमाले)ले संस्थापक महासचिव कमरेड पुष्पलालका दृष्टिकोणलाई पक्रँदै आफ्नो कार्यनीतिक कार्यदिशा नेपालको धरातलीय यथार्थसापेक्ष बनाउँदै लग्यो। संसारका विभिन्न देशमा प्रयोग भएका सिद्धान्तको कपि-पेस्ट गर्नुको सट्टा नेपाली समाजको रुपान्तरणको क्रान्तिकारी विचारको विकास संभव भएको हो।

मार्क्सवाद-लेनिनवादको आलोकमा मुख्य रूपमा जननेता मदन भण्डारीको अगुवाइमा सूत्रबद्ध गरिएको जनताको बहुदलीय जनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त बनाउँदै आएको एमालेले देशको आर्थिक समृद्धिलाई केन्द्रविन्दुमा राख्दै आयो। कम्युनिष्टहरू मुठ्ठीभर मानिसको समृद्धिलाई समृद्धि मान्दैनन्, सम्पूर्ण श्रमजीवी जनताको समतामूलक समृद्धि मात्र वास्तविक समृद्धि ठान्दछन् भन्ने उसले बखत-बखत पुष्टि गर्दै आयो।

तत्कालीन एमालेले अंगीकार गरेको जनताको बहुदलीय जनवादी सिद्धान्तको प्रतिपादन एक विशेष परिवेशमा भएको थियो। नब्बेको दशकमा सोभियत संघ लगायत पूर्वी युरोपका अधिकांश कम्युनिष्ट शासन ढलेको र संसारबाटै साम्यवादको अस्तित्व समाप्त हुने खतरा पैदा भएको बेला यो सिद्धान्तको प्रतिपादन भएको थियो।

सोभियत संघ लगायत पूर्वी युरोपमा साम्यवादी सत्ता ढल्नुको प्रमुख कारण यो व्यवस्था एकदलीय तानाशाही भएकोले नै यसको पतन भएको हो भन्ने विश्वव्यापी विश्लेषण गरिँदै थियो। साम्यवादी देशहरूमा लोकतन्त्रको अभाव हुने भएकोले आर्थिक जग भत्कँदै अन्त्यमा साम्यवादी सत्ता पनि ढल्न पुगेको बताइँदै थियो। हरेक वस्तु, घटना र प्रक्रियामा दुई विरोधी तत्वको अस्तित्व हुन्छ भन्ने मार्क्सवादी सिद्धान्तको जगमा बनेका सरकारहरू एकदलीय एकाधिकारवादी हुनु आफैमा एउटा विडम्बनायुक्त घटना थियो।

वस्तु, घटना र प्रक्रियामा दुई विरोधी तत्वको अस्तित्व स्वीकार्ने हो भने सत्तामा पनि स्वाभाविक रूपमा पक्ष, प्रतिपक्ष वा परस्पर विरोधी तत्व हुने कुरा नितान्त स्वाभाविक छ भन्ने प्रस्तावना अगाडि सार्दै सोही प्रस्तावनाको सार र रूप झल्कने सिद्धान्त मदन भण्डारीद्वारा जनताको बहुदलीय जनवाद प्रतिपादन भएको हो।जनताको बहुदलीय जनवादी सिद्धान्त निरूपण गर्दै गर्दा माले र मार्क्सवादी मिलेर गठन भएको तत्कालीन एमाले उनान्सत्तरी सिट सहित संसदमा बलियो प्रतिपक्षको रूपमा उपस्थित भइसकेको थियो। प्रतिपक्षलाई पर्खिरहेको सरकार भनिने संसदीय मान्यता अनुसार पनि सत्तामा पुगेपछि नेपाली कम्युनिष्टहरूले कसरी शासन चलाउँछन् भन्ने प्रश्न पेचिलो बन्दै गएको थियो।

रुस, चीन, उत्तरकोरियामा जस्तो राज्य नियन्त्रित अर्थतन्त्रको निर्माण गर्छन् कि लोकतन्त्रमा आधारित अर्थतन्त्र निर्माण हुन्छ भन्ने प्रश्नको उत्तर नेपाली समाजले खोजेको अवस्था थियो। नेपाली कम्युनिष्टहरूले तत्कालीन सोभियत संघ, चीन,उत्तरकोरिया,क्युवामा अभ्यास गरिएको शासकीय मोडल जस्तै या फरक तरिकाले शासन गर्ने हुन् भन्ने प्रश्नको जवाफ जनताको बहुदलीय जनवादले दिएको थियो।

कम्युनिष्टहरू अब विगतमा जस्तो एकदलीय एकाधिकारवादी ढंगले शासन सत्तामा बस्ने छैनन्, संवैधानिक सर्वोच्चता, कानुनी राज, बहुलवादी खुला समाज, मानवअधिकारको रक्षा, सत्तापक्ष र प्रतिपक्षको व्यवस्था, बहुदलीय चुनावी प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गरेर मात्र सत्तामा टिकिरहने प्रतिबद्धता गर्दछन् भन्ने उद्घोष थियो।जननेता मदन भण्डारीको देहावसान पछि भएका तत्कालीन एमालेका महाधिवेशनहरूले यो सिद्धान्तलाई पार्टीको मार्गदर्शक सिद्धान्तको रूपमा विकास गरे।

यो विचारले कम्युनिष्ट आन्दोलनको लोकतन्त्रीकरण गर्न भीमकाय भूमिका खेल्यो। सत्ता जसरी प्रतिस्पर्धात्मक हुन्छ, त्यसरी नै देशको आर्थिक समृद्धि पनि प्रतिस्पर्धाबाट नै प्राप्त हुन्छ भन्ने जबजको फैसला थियो।

अर्कोतर्फ तत्कालीन नेकपा (माओवादी)ले सत्ता प्राप्तिको बाटो दीर्घकालीन जनयुद्धबाहेक अरु हुनै सक्दैन भन्ने निष्कर्षका साथ सो जनयुद्धको मार्गदर्शक सिद्धान्तको रूपमा माओवादलाई अंगीकार गरेको थियो। आफ्नो फौजी कार्यदिशाको करिब एक दशकपछि २०६० सालको जेठतिर प्रचण्डले इतिहासको अनुभव र २१औं शताब्दीको विकासबारे भन्ने दस्तावेज अगाडि सारेको पाइन्छ।

उक्त दस्तावेजमा फौजी कारबाहीद्वारा राज्यसत्ता कब्जा गर्ने र राज्यसत्ताको सञ्चालनमा बहुदलीय प्रतिस्पर्धा स्वीकार्ने भन्ने नयाँ विषयको प्रवेश भएको पाइन्छ। राज्यसत्ताबारे दस्तावेज अगाडि लेख्छ, 'सर्वहारावर्ग'को राजनीतिक पार्टीको नेतृत्वमा जनयुद्धद्वारा राज्यसत्ता कब्जा गर्ने क्रान्तिको केन्द्रीय प्रश्न हिजो र आज पनि महान् र कष्टसाध्य प्रश्न अवश्य रहेको छ।

तर, २१औं शताब्दीका अनुभवहरूले स्पष्ट गरेका छन् कि राज्यसत्ता कब्जा गर्ने प्रश्नभन्दा पनि राज्यसत्ताको निरन्तर जनवादीकरण गर्दै त्यसको विलोपीकरणतिर डोऱ्याउने प्रश्न अझ हजारौं गुणा कठिन र जटिल हुने गर्दछ।एकै शताब्दीमा विश्व थर्काउँदै रुस, चीन लगायत देशमा भएका महान् क्रान्तिहरूको सफलता एवम् शक्तिशाली विश्व समाजवादी किल्लाको विकास र भयानक प्रतिक्रान्तिका घटनाक्रमहरू हुँदै विश्वमा एउटा पनि समाजवादी सत्ता बाँकी नरहेको यथार्थले विषयको महत्व र गम्भीरतालाई दर्शाउँछन्। 'प्रचण्डले सत्ता कब्जा गर्ने त सपना देखे, त्यो सपना पूरा गर्न दश वर्षसम्म सशस्त्र विद्रोह पनि सञ्चालन गरे, तर के गर्दा वा कुन मोडलमा नेपालको आर्थिक समृद्धि हुन्छ भन्ने प्रश्नको ऊत्तर दिन सकेनन्। त्यही कारण हो, माओवादी आन्दोलनको चाँडै पतन भयो।

माओवादीहरू न राज्य सञ्चालनको प्रश्नमा एमालेजत्तिको प्रष्ट हुन सके न देशको आर्थिक समृद्धिको प्रश्नमा जबजजत्तिको सही अवधारणा अगाडि ल्याउन सके। फलतः उनीहरू अहिले बालुवामा छरिएको तोरीको हालतमा पुगेका छन्।

मदन भण्डारीले जनताको बहुदलीय जनवादको व्याख्या गर्ने क्रममा जबज भनेको सामन्तवाद, साम्राज्यवाद विरोधी सत्ता हो भन्नुभएको थियो। सामन्तवाद र साम्राज्यवादलाई उच्छेद गरिसकेपछि जनतालाई सम्पूर्ण आर्थिक र राजनीतिक अधिकारको ग्यारेन्टी गर्ने उहाँको उद्घोष थियो।

जननेता मदन भण्डारीको त्यही पदचिह्नलाई पछ्याउँदै एक्काइसौं शताब्दीको जनवाद नामक उक्त दस्तावेजमा अगाडि लेखिएको छ, 'सामन्तवाद र साम्राज्यवाद विरोधी जनवादी राज्यसत्ताको संवैधानिक सीमाभित्र राजनैतिक प्रतिस्पर्धा संगठित गरी कम्युनिष्ट पार्टीको निरन्तर सर्वहाराकरण र क्रान्तिकारीकरण अनिवार्य हुने परिस्थिति निर्माण गरिनुपर्दछ।

यदि पार्टीले आफैंलाई क्रान्तिकारीकरण गर्न नसके त्यसको खिलाफमा अर्को क्रान्तिकारी पार्टी वा नेतृत्वलाई राज्यसत्तामा पुऱ्याउन सक्ने जनसमुदायको अधिकारलाई संस्थागत गरेमा मात्र प्रतिक्रान्तिलाई प्रभावकारी ढंगले रोक्न सकिनेछ। सामान्तवाद र साम्राज्यवाद विरोधी विभिन्न राजनैतिक दल, संघ-संस्था, जसले जनवादी राज्यसत्ताको संवैधानिक व्यवस्थालाई स्वीकार गर्दछन्। उनीहरूको बीचमा कम्युनिष्ट पार्टीलाई सहयोग मात्र गर्नुपर्ने यान्त्रिक सम्बन्धमा होइन, जनताको सेवामा जनवादी राजनैतिक प्रतिस्पर्धा गर्ने द्वन्द्वात्मक सम्बन्धमा जोड दिइनुपर्दछ।'

तर माओवादी दस्तावेजमा जे लेखिएको भए पनि व्यवहारमा त्यस्तो देखिएन। व्यवहारमा माओवादीहरू कहिले उग्रपन्थी कित्तामा त कहिले दक्षिणपन्थी कित्तामा पेन्डुलम भएर हल्लिरहे। हल्लिर हेछन्।

सत्ता सञ्चालनको मामिलामा जनताको बहुदलीय जनवाद र एक्काइसौं शताब्दीको जनवादले करिब समान धारणा अगाडि सारे पनि अरु कैयौं विषयमा यी

बाँकी ४ पेजमा.......

# जीवनको पर्याय संघर्ष



झपेन्द्रराज बैद्य

जीवनको पर्याय हो संघर्ष। हरेक दिन संघर्ष। साँझ बिहान संघर्ष। चुल्होचौका संघर्ष। खेतीपाती संघर्ष। गाँस बास संघर्ष। लिनदिन संघर्ष। प्रेममा संघर्ष। श्रीमान्–श्रीमती संघर्ष। सबभन्दा ठूलो हो आफैँ भित्र संघर्ष। पहिले आफूलाई बदल अनि समाज बदल। अब आफ्नै संघर्षको यात्रा सुरु गरौं। पूर्बाद्धमा अभाबमा संघर्ष। जीवन जिउनको लागि संघर्ष। अध्ययनको लागि संघर्ष। खेती लगाउन संघर्ष। जीवनको हरेक मोडमा संघर्ष। मेरी आमा संघर्षशील। आमासँगै जिउन संघर्ष। बाउ नभएको अवस्थामा आमा मेरो अभिभावक। आमा सँगै संघर्ष। अनि मेरो मावली हजुर बा अभिभावक। हजुर बा साथमा पठनपाठनमा संघर्ष। समाजिक काममा संघर्ष। ईतर वर्गविरुद्ध संघर्ष। सामन्तीबिरुद्ध संघर्ष। चुनावमा संघर्ष। प्रधानपञ्चको अफरमा तिरस्कार। चुनाव बहिष्कारमा संघर्ष। संसदीय निर्वाचनमा भाग लिँदैन भनेर संघर्ष। संसदीय निर्वाचनमा दुई तरिकाले भाग लिने कुरा भएन। एउटा त शिक्षकको नाताले। अर्को हो पुँजीवादी चुनावमा भाग नलिने भनेर। पञ्चायती व्यवस्थामा भूमिगत नरहेकाले दर्जनौ पटक पुलिस चौकीमा होस् वा खलङ्गा सदरमुकाम पुलिस थानामा।

दुई महिने शिक्षक हड्तालमा शिक्षक संगठनका अध्यक्षलाई होइन मलाई नै गिफ्तार गरेर पुलिस ठानामा लगेको थियो। मलाई त्यसबेला पीडा होइन गर्वको अनुभूति थियो। शान थियो। मान थियो। घरमा ससाना केटाकेटी। आमाले काँधमा सबै कामको भारी बोक्नुपर्थ्यो। श्रीमतीसँग सामन्ती सँस्कारबिरुद्ध संघर्ष। पछिल्लो समय श्रीमती वामपन्थीमा रुपान्तरण।

त्यसैले परिवर्तन र रुपान्तरणको लागि आमाको भूमिका र श्रीमतीको सहानुभूति रहेको थियो। म ठाउँ-ठाउँका स्कुलमा गएर अध्यापन कार्य गर्थें। संगठनको काममा व्यस्त हुन्थें। मैले शुरुमा अध्यापन गर्ने बिद्यालय प्यूठान रातमाटा मुक्ति मावि हो। जहाँ मैले पढेको थिएँ। स्कुलको बिकासको लागि माडिखोला गएर चन्दा संकलन गरिन्थ्यो। भवन निर्माणको लागि थक्लेनीको बनबाट काठ ल्याईथ्यो।

पछि सरकारले सीआईडी पठाएको प्रधानाध्यापकलाई असहयोग गर्न ५-६ शिक्षकले राजीनामा दिएका थियौं। म लगायत ५ जनालाई प्यूठान जिल्लामा नै पढाउन बन्देज गरेको थियो जिल्ला सरकारले। तर हामीलाई राजीनामा गर्न उत्प्रेरित गर्ने र योजना बुन्ने कम्युनिष्टका तत्कालीन हाकिमले हात हल्लाउँदै स्कुलमा पढाउन गएको देख्दा आश्चर्य लागेको थियो। यो धोका थियो तर क्रान्ति सबैको लागि थियो। देशका लागि थियो। म खटिनै रहें। पछि हामी ६ जना शिक्षक मध्ये कोही बिद्यालय निरीक्षक भए भने कोही लो. से. आयोगबाट सुब्बा भएका थिए। म भने ०३३/ ०३४ मा सल्यान कारागारमा एक वर्षको लागि बन्दी बनाइए। संघर्षको कारण अध्यापनको बन्देज फुकुवा भएको थियो, २०३६ को जनआन्दोलन पछि। त्यसैले मलाई स्थाई शिक्षक हुन एक वर्ष जति कुर्नु परेको थियो।

म रातमाटा भएको अवस्थामा भिंगृका बिद्यार्थीहरुले अंग्रेजी शिक्षकका रुपमा मलाई ल्याउन हड्ताल गरेका थिए। मागअनुसार म गएँ। भिंगृ गएर २०३८ मा स्थायी भएको थिएँ। यस कुरामा प्यूठान मरन्ठानाका ठानेदार मानबहादर केसी र अमर मा.बि भिंगृको अध्यक्ष होमबहादुर रोकायाको सदासयता थियो पुलिस रिपोर्ट मिलाउन। त्यसपछि २०३९ सालमा आफ्नै ठाउँ रातमाटामा आएर पढाउन थालें। यस बेला स्वप्रअ वीरबहादुर सिंहको सहानुभूति रहेको थियो। त्यसअघि म छिमेकी ३-४ जिल्लामा पनि अध्यापन कार्यमा हाजिर भएको थिएँ। साथै संगठनको काममा पनि।

मेरो जीवनमा उतार-चढाव आएको छ। सँगै एउटै संगठनमा काम गरेका साथी मन्त्री प्रधानमन्त्री भएका छन्। क. पुष्पकमल दाहाल प्रचण्ड अध्यक्षको साथमा म केन्द्रीय सल्लाहकार रहेको थिएँ। त्यसबेला दर्जनौं सल्लाहकार राख्ने चलन थिएन। पछि क. मोहन बैद्य किरणसँग म सल्लाहकारमा जोडिएँ। अहिले भन्नुपर्दा क. नेकपाका महासचिबसँग जोडिएकको छु सल्लाहकारमा। मेरो संघर्ष यथाबत नै रहेको छ। जीवनको उत्तरार्धमा म न्यूरोको कारण हिँडडूल गर्न नसक्ने भएर काठमाडौँमा बसोबास गरिबसेको छु। तर, लेखनबाट अन्यायबिरुद्ध संघर्ष गरिरहेको छु।

मैले ६०-७० को दशकसम्म साहित्यको साधना गरेँ। ८-१० वटा कीर्ति प्रकाशन गरेको छु। ५-६ वटा पत्रिकाको सम्पादक र हजारौं लेखहरु होलान् मैले सूचना बिभागमा पेश गरेर पत्रकारिताको लाइसेन्स ल्याइसकेको अवस्था छ। पछिल्लो समय बूढ्यौलीको कारण लाइसेन्स रिन्यू गर्न छाडेको छु। पत्रकार महासंघबाट मलाई वरिष्ठ साहित्यकारको सम्मान दिएकोमा म गौरवान्वित भएको छु।

यसैगरी प्रगतिशील लेखक संघबाट मैले प्रेस स्वतन्त्रता सेनानीको सम्मान पाएर गर्वको अनुभूति गरेको छु। यसमा वरिष्ठ पत्रकार प्रभात चलाउनेको ठूलो योगदान रहेको छ। बरिष्ठ पत्रकार चलाउनेजीलाई हार्दिक धन्यवाद। जनयुद्धको समयमा म मानबअधिकार सेवा केन्द्रको अध्यक्ष भएर काम गरेको थिएँ।

यसै क्रममा मैले खलंगा जिविस हलमा २०० जति सेना प्रहरीहरुलाई दुई पटकसम्म मानवअधिकारसम्बन्धी प्रशिक्षण दिने अबसर पाएको थिएँ। ३-३ घण्टाको प्रशिक्षण। भिंगृ गएर पनि प्रशिक्षण दिने अवसर जुटेको थियो। बहाने जाने पनि समय जुरेको थियो ५-७ जनाको मानवअधिकारको गज्जबको टिम थियो। यसमा शिबराज पंडित, रामकृष्ण शर्मा, दीपक खड्का, टंकबहादुर खड्का, धर्मराज पंडित, दामोदर पोखेल आदि स्वतन्त्रता, न्याय र शान्तिका लागि। पहिले जनयुद्धमा मानवअधिकारको महत्व थियो। यसमा धेरै सहभागी भए। तर, आजकल यसको महत्व राखेको पाइँदैन।

मेरो प्रमुख चासोको विषय भनेको राजनीति हो। आफू उम्मेदवार नउठ्ने तर अरुलाई उठाउने। प्यूठानमा मोहनबिक्रम सिंह नेतृत्वको मसालबाट हरि आचार्य, नवराज सुबेदी तथा दीपक केसीलाई संसदीय सदस्यमा उठाएर विजय गराएको ताजा संस्मरण छ। त्यस पछि अहिलेसम्म चुनावमा लागिएको छैन। यस असफल संसदीय व्यवस्थाबाट जनताका जनजीविका समस्याहरु समाधान हुन सक्दैन भनेर निर्वाचनलाई बहिष्कार गर्दै आएको अवस्था छ।

संसदीय व्यवस्थामा दलाल नेता उत्पादन हुन्छन्। दलाल नेताहरुले नै एमसीसी भित्राएका हुन्। अब एसपीपी पनि क्रमशः आउँदैछ। असार ३० गते अमेरिकन सहायक बिदेशमन्त्री डोनाल्ड लू आएका छन्। उनले एमसीसी कार्यान्वयन गर्न कार्यालय स्थापना गर्ने भएका छन्। यसमा दलालहरुले सहयोग गरिरहेका छन्।

स्मरण छ विगत खुल्ला मंचमा नेकपाको नेतृत्वमा ऐतिहासिक एमसीसीको बिरोध सभा भएको थियो। एमसीसीको बिरोधमा गाउँ र शहर जनसागर उर्लेको थियो। अहिले गाउँशहरमा एमसीसी बिरोध कार्यक्रम भइरहेको छ। मिटरब्याजेलाई कारबाही गरिएको छ। मिटरब्याजेलाई निस्तेज पार्ने बिधेयक पास गरिएको छ। भूमाफिया र शोषणको सशक्त बिरोध गरिएको छ। १२ वर्षमा खोला पनि फर्कन्छ भन्छन्। अहिले क. प्रचण्डबाट अबैधानिक धन्दा गर्नेलाई भटाभट कारबाही गरिँदैछ। यसमा सबैको साथ र सहयोग आवश्यक छ। यसैको लागि अहिले समाजवादी मोर्चा गठन गरिएको छ। दुई पटक बैठक बसिसकेको अवस्था छ। अग्रगमनको लागि एकीकृत जनक्रान्ति जारी छ। वैज्ञानिक समाजवाद यसको लक्ष्य छ।

लेखक प्रेस स्वतन्त्रता सेनानी हुन।


## सेवा गर्ने मौका दिनुहोस्

हामी कहाँ सिमेन्ट , सरिया ,इटा जि.आई, पि.वि.जि. एच.जि.पि पाइप, पाइप फिटिंग, कर्कटपाता, पानी ट्यांकी तथा निर्माण सम्बन्धि सम्पुर्ण सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ।

नगद कारोवार गर्नेलाई बिशेष सुविधाको व्यवस्था छ।

प्रोपाइटर : विपिन श्रेष्ठ
सम्पर्क नं.: ९८५७८३३७६२

## मल्लरानी ट्रेर्डस
## प्यूठान न.पा.४ जुम्री प्यूठान


**स्थानीय तह .......**

सरकार सञ्चालन ऐन २०७४ को दफा ८५ बमोजिम स्थानीय तहमा स्वतः समायोजन भएका कर्मचारीहरूको वृत्तिविकास र सेवामा प्रत्यक्ष नकारात्मक प्रभाव पार्ने र स्थानीय सेवामा कार्यरत कर्मचारीको बीचमा आपसी बेमेल, विभाजन ल्याई मनोबल र उत्प्रेरणा अन्त्य गरी स्थानीय सरकारलाई नै असफल पार्न सक्ने अवस्था देखिएको भन्दै विधेयक परिमार्जन गर्न कर्मचारीहरूको माग छ।

त्यसैगरी दफा १२८ को बचाउको प्रावधानमा पनि प्रदेश लोकसेवा गठन भएपश्चात प्रदेश वा प्रदेशभित्रका स्थानीय तहका प्रदेश लोकसेवा आयोगको सिफारिस भएका पदपूर्ति, पदस्थापना, बढुवा, विभागीय कारबाहीलगायत कार्यसम्बन्धी प्रावधान सच्याएर स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम नियुक्त साविक स्थानीय निकायका कर्मचारीहरूको वृत्ति विकासको सम्बन्धमा सम्बन्धित स्थानीय तहले कानुन बनाई गरेको समायोजन, पदस्थापना, बढुवा र विभागीय कारबाहीसम्बन्धी निर्णय स्थानीय स्वायत्त शासन ऐनअनुसार गरेको मानिनुपर्ने सुझाव दिइएको छ। कर्मचारीहरूले यसअघि मुख्यमन्त्री डिल्लीबहादुर चौधरीलाई ज्ञापनपत्र बुझाएका थिए। सुनुवाइ नभएपछि आन्दोलनमा उत्रिनुपरेको कर्मचारीको दाबी छ। विधेयकमा प्रस्तावित केही प्रावधानहरूले साविक स्थानीय निकायमा लामो समयदेखि स्थायी पदमा कार्यरत रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्थानीय तहमा स्वतः समायोजन भएका कर्मचारीहरूको वृत्तिविकास र सेवामा प्रत्यक्षरूपमा नकारात्मक प्रभाव पर्ने जनाइएको छ। विधेयकको दफा २ को परिभाषासमेत परिमार्जन गर्दै स्थानीय सेवा स्पष्टसँग परिभाषित हुनुपर्ने कर्मचारीको माग छ।


## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिउ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैंसी बाख्राको दाना, गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको लागि औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

व्यवस्थापक :
कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा.-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन :**
**९८४७८३९१४३, ९८६८६६८३८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

# टाइफाइड फैलँदो! दिसा मिश्रित पानी पिउँदै त छैनौं?

नेपालमा कुनै समय यस्तो पनि थियो कि कसैलाई 'ज्वरो आयो" भने "टाइफाइड' भयो होला भन्ने गरिन्थ्यो। तर हाल पछिल्लो समय डेंगुको चर्चा चुलिएको छ। लामखुट्टेको वृद्धिसँगै डेंगुबारे सतर्कता अपनाउन जरुरी र स्वाभाविक पनि हो। केही दिन यता भने ज्वरोका बिरामीमा प्रयोगशाला परीक्षण गर्दा टाइफाइड पुष्टि हुने क्रम बढ्दो देखिन्छ।

गर्मी र वर्षायाम शुरु भएसँगै टाइफाइड वर्षेनी देखिने गर्दछ। टाइफाइडको ब्याक्टेरिया मिश्रित पानी वा खानेकुरा मार्फत संक्रमण फैलने वा प्रकोपको रुप लिने गर्दछ। टाइफाइड सल्मोनेला टाईफी तथा सल्मोनेला पाराटाईफी ब्याक्टेरियाको कारणले हुने गर्दछ।पछिल्लो समयमा क्लिनिकमा गइ उपचार गर्ने वा आफैं औषधि किनेर खाने बढ्दो प्रचलनले गर्दा धेरै बिरामीमा रोगले कडा रुप नलिएसम्म अस्पतालसम्म आइपुग्ने गर्दैनन्। तसर्थ आजभोली समुदायमा टाइफाइडको प्रकोप फैलिए/नफैलिएको खासै थाहा हुने गरेको पाइदैन।

टाइफाइडका मुख्य लक्षणहरु

१. उच्च ज्वरो आउनु
२. कमजोर हुनु
३. टाउको/पेट दुख्नु
४. वाकवाक वा बान्ता हुनु
५. खोकी लाग्नु
६. कब्जियत वा पखाला लाग्नु
७. कसै कसैमा छालामा रातो बिबिरा (रेड स्पट) देखिन सक्दछ।

गर्मी र वर्षातको समयमा अरु विभिन्न संक्रामक रोगहरु पनि देखिने गर्दछन् भने त्यसका लक्षणहरु एक अर्कासंग मिल्दोजुल्दो समेत हुने भएकोले टाइफाइड पुष्टि गर्न प्रयोगशाला परिक्षण गर्न जरुरी हुन्छ। उपचारमा ढिलाई हुँदै गए वा बेवास्ता गरे बिरामी अलमल/भ्रमित हुने, आन्द्रामा रक्तश्राब वा प्वाल पर्ने जस्ता जटिलताहरु देखिन सक्दछ। यस्तो जटिलता सामान्यतय बिरामी भएको २ देखि ३ हप्तामा देखिने गर्दछ। समयमा औषधि गरे यो रोग पूर्णरुपमा निको हुन्छ। संक्रमित बिरामीको दिसाबाट टाइफाइडको ब्याक्टेरिया खाना वा पानीको माध्यमबाट फैलने हुँदा, हाल हामीले प्रयोग गरिरहेको पानी वा खानेकुरा पनि संक्रमितको दिसा मिसिएको अनुमान गर्न सकिन्छ। दिसा मिसिएको पानी/खानेकुरा मार्फत टाइफाइड मात्रा नभइ झाडापखाला गराउने हैजा लगाएतका विभिन्न संक्रमणहरु, भाइरल हेपाटाईटिस "ए" वा "ई" आदि फैलने हुँदा



डा. शेर बहादुर पुन

यस्ता संक्रमणहरुको जोखिम पनि ह्वात्तै बढेको देखिन्छ।

तसर्थ सम्बन्धित निकायले बजारमा उपलब्ध खानेपानी तथा खानेकुराको गुणस्तर अनुगमनलाई नियमित र तिब्रता दिन जरुरी देखिन्छ भने कोभिड-१९ को महामारी अन्तसँगै बाहिर खानपान गर्ने प्रचलन बढ्दै जादा हामी स्वयम् पनि सचेत हुने हो कि?

(डा पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन्।)

# के दाँत सफा गर्दा दाँत कमजोर हुन्छ ?

हाम्रो समाजमा दाँत सफा गर्दा दाँत कमजोर हुन्छ, हल्लिन्छ, सिरिंग-सिरिंग गर्छ भन्ने व्यापक भ्रम रहेको छ। ठिक उल्टो दाँत सफा नगर्दा चाँहीं कयौं यस्ता समस्याहरु आउछन्।

गिजा तथा दाँतमा जमेको फोहोरमा लाखौं मात्र नभएर करोडौं संख्यामा किटाणुहरु हुन्छन्। त्यस्ता किटाणुहरुले त्यहाँ भएका खानेकुराहरुलाई सडाएर केही रसायनहरु उत्पादन गर्दछ। त्यस्तो रसायनले गिजा, दाँत र वरिपरिको हड्डीलाई कमजोर बनाउँदै क्षति गराउँछ।

फोहोरबाटै उत्पन्न हुने ग्यासका कारण मुख गन्हाउने पनि गर्दछ। फोहोरलाई मुखमा जमाएर राख्नु भनेको रोगको स्रोतलाई पालेर राख्नु हो। त्यस्तो फोहोरले निम्न समस्याहरुलाई निम्त्याउने गर्दछ।

दाँत सफा नगर्दा आउने समस्याहरु

१. गिजाबाट रगत आउने
२. गिजा सुन्निने
३. गिजा माथि तल माथि सर्ने
४. मुख गन्हाउने
५. दाँत फट्निे र हल्लिने
६. गिजा पाक्ने

मुख्यतया फोहोरका कारण गिन्जिभाइटिस र पेरिओडोन्टाइटिस जस्ता मुख्य दुई समस्या आउँछन् र तिनै रोगका लक्षण माथि उल्लेख गरिएका हुन्।समस्या बढ्दै जाँदा अन्त्यमा दाँत धेरै हल्लिने र त्यसलाई बचाउनै नसक्ने भएर निकाल्नुपर्ने अवस्था आउछ। यस्ता जटिलता बाट बच्नलाई समयमै दाँतलाई योग्य दन्त चिकित्सकको परामर्शमा मेसिनद्वार सफा गर्नुपर्दछ।

दाँतलाई ६ महिनादेखि वर्ष दिनमा १ पटक सफा गर्नुपर्ने हुन्छ। फोहोर जमेकै छैन भने दाँत सफा गर्ने पर्छ भन्ने पनि हुँदैन। त्यसका लागि दाँतलाई ६-६ महिनामा परिक्षण गरिनुपर्ने हुन्छ र चिकित्सकको सल्लाह बमोजिम अगाडि बढ्नु पर्दछ।

उसो भए दाँत सफा गरिसकेपछि किन हल्लेको जस्तो, चिसो तातोले सिरिंग-सिरिंग गरेको जस्तो गर्दछ त? त्यो किन हुन्छ भने माथि चर्चा गरिएझैं फोहोरले गिजा तल-माथि सर्ने, हड्डी खिएर दाँत भित्रभित्रै हल्लिने, दाँत खिइने गर्दछ। तर त्यो व्यक्तिलाई महसुस हुँदैन किनकि फोहोरले दाँतलाई ढाकेर राखेको हुन्छ।

यस्तो गर्दा हल्लिएको दाँतलाई फोहोरले समाएर राख्छ। खिइएको दाँतलाई पनि फोहोरले ढाकेको हुनाले चिसो तातो लाग्दैन। तर त्यो फोहोरलाई मेसिनले हटाउने बित्तिकै क्षति भएका दाँत बाहिर हावा-पानीमा खुल्ला हुन्छ।

त्यसैले केही दिन चिसोतातो लाग्ने र दाँत हल्लिएको जस्तो अनुभुति हुन्छ। जुन बिस्तारै कम हुँदै जान्छ। कहिलेकाहिँ त्यसको निवारण गर्नलाई विशेष टूथपेष्ट प्रयोग गर्नपर्ने हुनसक्छ।यस सम्बन्धमा अर्को पनि एक भ्रम रहेको छ। एकपटक दाँत सफा गरेपछि सधैं सफा गरिरहनुपर्दछ भन्ने विश्वास रहेको पाइन्छ। तर त्यो भन्दापनि सफा गरेपछि राम्रोसँग दाँत माझिएन भने चाँडै फोहोर जम्ने गर्दछ र फेरि पनि दाँत सफा गर्नुपर्ने बाध्यता आइपर्छ। त्यसैले एक पटक सफा गरेसी पटक पटक सफा गर्नुपर्ने भएको हैन कि, तत्पश्चात प्रभावकारी रुपले दाँत नमाझ्नाले त्यस्तो समस्या आएको हो।

अर्को कुरा दाँत धेरै बाङ्गो टिङ्गो छन्, खप्टिएका छन् भने पनि धेरै मात्रामा फोहोर जम्ने गर्दछ। एकपटक फोहोर जमिसकेपछि ब्रसले सफा गर्न सकिँदैन। त्यसैले दैनिक २ पटक खाना खाइसकेपछि प्रभावकारी रुपमा दाँत माझ्नु पर्दछ र फोहोर जम्नै दिनु हुँदैन। खाना, खाजा र गुलियो कुराहरु खाइसकेपछि राम्रोसँग कुल्ला गर्नुपर्दछ। सम्भव भए दाँत नै माझ्नु उपयुक्त रहन्छ। दिनमा एक पटक डेन्टल फ्लासको सहयताले दाँत बिचको भागलाई समेत सफा गर्नुपर्दछ।

-(दन्त चिकित्सक डा नेपाली हेटौंडा अस्पतालमा कार्यरत छन्)




**पुष्पलाल......**

दुई दस्तावेजमा कुनै तादात्म्यता देखिदैन। जनताको बहुदलीय जनवादले बलपूर्वक सत्ता कब्जा गर्ने विषय खारेज गरिदिएको थियो भने एक्काइसौं शताब्दीको जनवादले सशस्त्र जनसेनाको बलमा सत्ता कब्जा गर्ने विषयलाई प्रमुख विषय बनाएको थियो।

वस्तुतः एक्काइसौं शताब्दीको जनवाद माओवादी अवधारणाकै परिमार्जित अंगको रूपमा बुझ्न सकिन्छ भने जनताको बहुदलीय जनवाद माओवादभन्दा बिल्कुल भिन्न विषयको रूपमा अगाडि आएको देखिन्छ। जबजले बहुलवादी खुला समाज हुँदै समाजवादतर्फ अगाडि बढ्ने प्रष्ट मार्गचित्र कोरेको छ। माओवादीहरू अझै बहुलवादलाई स्वीकार्न हिच्किचाउँछन्।

क्रान्तिकारी आडम्बर देखाउने, बहुलवादलाई नस्वीकार्ने तर काँग्रेस न मधेशवादी दलसँग मिलेर एमालेसँग पौठेजोरी खेल्ने चरित्र देखाउँछन्। उनीहरू एकातिर माओवादको भजन गाइरहने र अर्कोतिर आफू सत्तामा टिकिरहन घोर दक्षिणपन्थी शक्तिको गुलामी गरिरहने अनौठो भूमिका खेलिरहेका छन्।

१२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, संविधानसभा र अन्य निर्वाचनमा गरिएको बहुदलीय शान्तिपूर्ण प्रतिस्पर्धा, संविधान निर्माण र त्यसको सर्वोच्चता स्वीकार, सेना समायोजन र सेनाविहीन शान्तिपूर्ण एवं प्रतिस्पर्धात्मक पार्टीको निर्माण आदि विषय प्रचण्डको दस्तावेज एक्काइसौं शताब्दीको जनवादसँग कुनै मानेमा मेल खाँदैनन्, बरु जनताको बहुदलीय जनवादका विशेषतासँग हुबहु मेल खान्छन्।

त्यही कारण एक्काइसौं शताब्दीको जनवाद इतिहासको गर्भमा विलाइसक्यो तर जबज नेपाली जनताको जीवन व्यवहारमा लागू भइरहेको छ।जनताको बहुदलीय जनवादी राज्यसत्ताको प्रयोग गरेर समाजवादमा जाने रोडम्याप तय गर्ने जननेता मदन भण्डारीको साहसिक कदमकै कारण कम्युनिष्टहरूको बहुमत भएको संविधानसभाले संविधानमै समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गर्न सक्यो।देशमा व्यापक आर्थिक समृद्धि नभई समाजवादमा जान संभव नभएकोले जबजलाई टाउकोमा राखेर अगाडि बढिरहेको एमालेले 'समृद्ध नेपाल र सुखी नेपाली'को मूल नारा तय गर्न सक्यो।

'सिद्धान्त विनाको व्यवहार अराजक हुन्छ, व्यवहार विनाको सिद्धान्त लँगडो हुन्छ' भन्ने माओत्सेतुङको प्रसिद्ध भनाइलाई यहाँ स्मरण गर्नुपर्ने हुन्छ। सिद्धान्त निर्देशित व्यवहार र व्यवहारबाट खारिएको सिद्धान्त निर्माण आजको ज्वलन्त आवश्यकता हो। देशको आर्थिक समृद्धिको लागि जबज जस्तो व्यवहारमा उत्रन सक्ने सिद्धान्त अपरिहार्य छ।

राजनीतिमा जब प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने जबजको सैद्धान्तिक अवधारणा सगर्व अगाडि सारिन्छ, देशको आर्थिक समृद्धि पनि मूलतः प्रतिस्पर्धाबाटै अगाडि बढ्ने हो।माथि भनिए झैं जबज सामन्तवाद र साम्राज्यवाद विरोधी सत्ता भएकोले यो स्वाधीन र सबल अर्थतन्त्र निर्माण गर्दै अगाडि बढ्नेमा कुनै द्विविधा छैन।

नेपालको कम्युनिष्ट आन्दोलन विभिन्न आरोह, अवरोह, फुट, विभाजन सहँदै यहाँसम्म आइपुगेको छ। यो अझै विकृति मुक्त छैन। धोकाधडी र गद्दारीबाट आक्रान्त छ।

जे भए पनि नेपालको कम्युनिष्ट आन्दोलनको यो अग्लो धरहराको शिलान्यास गर्ने महामानव कमरेड पुष्पलालप्रति भावपूर्ण श्रद्धासुमन !


## बाढी पहिरोबाट बचौं र बचाऔं

जथाभावी रुपमा सडक निर्माण गर्दा र अत्यधिक वन विनाशका कारण बाढी पहिरो र भु-क्षय जस्ता प्राकृतिक विपत्तिको जोखिम बढ्ने भएकाले वनजंगल जोगाऔं, खाली ठाउँमा वृक्षारोपण गरौं, बाढी पहिरोबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुरोधक :
डिभिजन वन कार्यालय प्यूठान



झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित
झुलेनी पोष्ट साप्ताहिकमा खबर, सुचना, विज्ञापन लेख रचना पठाउनका लागि, फोन : ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : १/०७९/०८०



झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# मल्लरानी ३ मा आर्थिक बर्ष ०७९/०८० का सत प्रतिशत काम सम्पन्न

**बोम बहादुर परियार**

**झुलेनी पोष्ट**

प्यूठानको मल्लरानी गाउँपालिका वडा नं. ३ मा आर्थिक बर्ष २०७९/०८० मा भएका योजनाहरुको काम सत प्रतिशत सम्पन्न भएका छन्।

गत आर्थिक बर्षमा वडामा परेका सम्पुर्ण योजनाहरुको काम सम्पन्न भएको वडा सचिव मनोज कुमार जि.सीले बताए। संघिय, प्रदेश, तथा मल्लरानी गाउँपालिकाले छुट्याएका सम्पुर्ण कार्यक्रम तथा योजनाहरु समयमै सकेर भूक्तानी हुँदा आफुलाई खुसी लागेको वडा सचिव जि.सी.ले सुनाए।सकारात्मक रुपमा लागेपछि सबै कुरा सम्भव छ उनले भने- " हामी कर्मचारीहरु पनि लागि पर्यौं र वडाध्यक्ष सहित जनप्रतिनिधि ज्यूहरु पनि रातदिन नभनी खट्नुभयो , सबै योजना तथा कार्यक्रम समय मै सकियो।" टोल विकास संस्था मार्फत पनि योजना तथा कार्यक्रम गर्दै आएको मल्लरानी ३ नं. वडामा रहेको बर्बोट टोल विकास संस्थाले गत आर्थिक बर्षमा २ वटा योजनाको काम सम्पन्न गरेको छ। सुरुमा टोल विकास संस्था मार्फत काम गर्न गाह्रो हुन्छ कि भन्ने लागेको थियो वडा अध्यक्ष नोम राज पौडेलले हामीलाई सहजीकरण गरि दर्ता गर्न सहयोग गर्नुभयो। हामीले २ वटा योजनाको काम समयमै सक्यौ,बर्बोट टोल विकास संस्थाकी अध्यक्ष सकुन्तला पौडेलले भनिन-" हामी पाँच जना पदाधिकारीहरु सबै महिला छौं। हामीले योजना समय मै सम्पन्न गर्न निकै मेहनत गरेर लाग्यौं।" पुरुषहरुको मात्र समिति हुने ,महिलाहरुलाई प्रतिनिधीको रुपमा मात्र राख्ने परिपार्टीको अन्त्य गरेको भन्दै टोल विकास संस्थाकी सचिव



सुनिता कामीले भनिन् -" हामी पाँचै जना पदाधिकारीमा महिलाहरु बसेर काम गर्यौं पुरुषहरुले सहयोग गर्नुभयो, हामीले नेतृत्व गर्न सक्ने रहेछौं यसमा मलाई खुसी लागेको छ।"वडाको विकास निर्माणको कामको लागि चौतर्फि रुपमा सबैको सहयोग हुनुपर्नेमा उपभोक्ता समितिमा बसेकाहरुले अनुभव सुनाए। २ लाखको योजनाको काम सम्पन्न गरेका चौथिलगाउने टोल विकास संस्थाका अध्यक्ष विर बहादुर थापाले विकास निर्माणको काम समयमै सम्पन्न गर्नको लागि स्थानियको सहयोग अनिवार्य चाहिने बताउँछन्। हामीले कटुवाल मार्फत खबर गर्‍यौ उनले भने-" वडा अध्यक्ष संग सल्लाह गरेर ,९६ घरधुरीले जनश्रमदान गर्यौं, सबैले ढुंगा ,बालुवा ,पानी बोक्नुभयो र काम सजिलै सकियो।" वडामा हुने सामाजिक गतिविधिहरुको विषयमा पनि टोल विकास संस्थाले काम गरेको थापाको भनाई छ। सामाजिक सुरक्षा भत्ता गाउँमा बाड्ने भएपछि वडाअध्यक्ष ज्यूले हामीलाई खबर गर्नुहुन्छ हामी टोल विकास संस्थाका साथीहरुले सबैलाई खबर गर्छौं थापाले भने। पुँजीगत तथा चालु तर्फका सम्पुर्ण योजनाहरु सत प्रतिशत रुपमा सकेर भुक्तानी हुँदा आफु खुसी भएको वडा अध्यक्ष नोम राज पौडेलले बताए। विशेष अनुदानको भानुभक्त मा.वि.को ४ कोठे भवन देखि रिचार्ज पोखरी सम्मका योजनाहरु ३ नं. वडामा भएको भन्दै अध्यक्ष पौडेलले सम्पुर्ण पुँजीगत तथा चालु तर्फका योजना र कार्यक्रम सम्पन्न भएको बताउँछन्। वडा जनताको नजिकको सरकार हो वडा अध्यक्ष पौडेलले भने-" सानो दुई हजारको काम देखि करोडौंको योजनाको कामको सुपरिबेक्षण गर्नुपर्दछ। मैले सबै दल ,बुद्धिजीवि र जनप्रतिनिधिहरुको सल्लाह सुझावमा काम गरेको छु।" स्मार्ट वडाको रुपमा स्थापित गर्ने अभियानमा जुटेको भन्दै वडा अध्यक्ष पौडेलले वडाका सबै कामहरु कम्प्युटर मार्फत गराई सेवा प्रवाह गरेका छन्।वडाको माइनुट समेत हातले नलेखि कम्प्युटर मार्फत टाईप गरी प्रविधिको अधिकतम प्रयोग गरेको भन्दै सेवालाई सहज,सरल र सुलभ गराउनुपर्नेमा उनको जोड रहेको छ। यस आर्थिक बर्षमा पनि सत प्रतिशत काम सम्पन्न गर्ने गरी अगाडि बढेको उनले सुनाए।

# छोटकरी

## जथाभावी रुपमा जंगली च्याउ नखान अनुरोध




**झुलेनी पोष्ट**

**प्यूठान**

जिल्ला प्रहरी कार्यालय प्युठानले जथाभावी रुपमा उम्रेका जंगली च्याउ नखान अनुरोध गरेको छ।

जिल्ला प्रहरी कार्यालय प्युठानले एक सुचना जारी गर्दै यस्तो अनुरोध गरेको हो । वर्षायाम सुरु भएसगै जङ्गलमा च्याउ उम्रने र च्याउको पहिचान नगरि खानाले हानिकारक हुन सक्ने भन्दै सुचना जारी गरिएको जनाएको छ । बिसालु च्याउ खानाले मानिसको ज्यान समेत जाने गरेको छ ।छिमेकी जिल्ला रोल्पामा केही दिन अगाडी जंगलमा उम्रिएको बिषालु च्याउको सेवनले एकै परिवारका ३ जनाको मृत्यु भएको थियो । धेरै टाउँमा बिषालु च्याउको सेवाले मानिसहरु दिनप्रति दिन बिरामी परेको खबरहरु पनि सुनिरहेका हुन्छौ।

वर्षायाम सुरु भएसँगै गाउँघर मा जंगलबाट च्याउ खोजेर ल्याउने र खाने चलन छ । जंगलमा त्यस्ता थुप्रै प्रजातिका खानयोग्य र स्वादिलो च्याउहरू पाइन्छ। पुरानो रूखको ठुटो, पत्कर वा खुला चौर मा च्याउ उम्रिन्छ। धेरैजसो त बाबुबाजेका पालादेखि नै पहिचान गरी खाँदै आएका जंगली च्याउ खोजेर खाने गरिन्छ। तर, कतिपयले भने खान योग्य च्याउ पहिचान गर्न सक्दैनन् । यसरी जथाभावी च्याउ खाँदा ज्यानै जाने जोखिम हुन्छ।

कुन च्याउ खाने र कुन नखाने भनेर छुट्याउन सक्ने सामान्य ज्ञान भएमा पनि विषालु च्याउ खानबाट बचिन्छ । यद्यपि असावधानीवश हामी विषाक्त च्याउ खान पुग्छौं ।संसारमा तीन हजार ८ सय बढी प्रजातिको च्याउ पत्ता लागेका छन् । त्यसमध्ये एक हजार विषालु र दुई हजार खानयोग्य मानिन्छ । जबकि २ सय प्रजातिको च्याउ औषधीय गुणले भरिपूर्ण मानिन्छ।

पछिल्लो समय विभिन्न स्थानमा बिषालु च्याउ खादा धेरैको ज्यान जाने र बिरामी पर्ने गरेको घटना बाहिर आएको भन्दै जिल्ला प्रहरी कार्यालय प्युठानले पहिचान नभएको च्याउ नखान अनुरोध गरेको बताएको छ।

# अब प्यूठानमै हेल्थ असिस्टेन्ट एच ए पढ्न पाइने

**झुलेनी पोष्ट**

**प्यूठान**

जिल्लामा अब ३ वर्षे एच.ए र ल्याव टेक्निसियन कार्यक्रम सन्चालन हुने भएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सि टी ई भि टी) बाट मान्यताप्राप्त प्युठानको पहिलो फोर्टिनाईन मल्टिटेक्निकल ईन्स्टिच्युट प्रा.लि बिजुवारमा यस वर्षदेखि ३ वर्षे हेल्थ असिस्टेन्ट एचए र ल्याव टेक्निसियन कार्यक्रम सन्चालन हुने भएको ईन्स्टिच्युटका अध्यक्ष खिमप्रसाद पार्धेले जानकारी दिए ।विगत लामो समयदेखि प्यूठान जिल्लामा स्वास्थ्य सम्बन्धि पन्ध्र महिने सि.एम.ए र ल्याव टेक्निसियन अध्यापन गराउँदै आएको ईन्स्टिच्युटले यस बर्षदेखि ३ वर्षे एच.ए र ल्याव टेक्निसियन कार्यक्रम सञ्चालन गर्न लागेको हो। ३ वर्षे एच.ए तर्फ पहिलो बर्ष ४० जना विद्यार्थी र ल्याव टेक्निसियनतर्फ ३० जना विद्यार्थीलाई अध्यापन गराईने भएको छ ।जिल्ला मै स्वास्थ्य सम्बन्धि डिप्लोमा कोर्स पढाई हुने भएपछि आर्थिक समस्याले बाहिर गएर पढ्न नसक्ने विद्यार्थीहरुलाई सहज हुने भएको छ। यस बर्ष बिद्यार्थी भर्नाको लागि ईन्स्टिच्युटले फाराम भर्न सुरु गरिसकेको जनाएको छ।

# जुम्रीखोलामा बन्यो स्टिल ट्रस्टको पुल, स्थानीयलाई सहज

**हेमन्त पाठक**

**प्यूठान**

प्यूठान नगरपालिका ३ मेथिखोलामा स्थित जुम्रीखोलामा स्टिल ट्रस्टको पुल निर्माण भएपछि स्थानीयहरुलाई आवतजावत गर्न सहज भएको छ । पुल बनेपछि प्यूठान नगरपालिका ३ र ४ का स्थानीयलाई ओहोरदोहोर गर्न सजिलो भएको हो ।

खोलामा पुल नहुँदा बर्खाको समयमा स्थानीयहरुलाई दैनिक आवतजावत गर्न कठिनाई भएकोमा हिजोआज सहज भएको स्थानीय रेनुका सुनारले बताईन। विद्यालय जाने बालबालिकाहरुलाई



घुमाउरो बाटो जुम्री बजारको पक्की पुल तरेर विद्यालय जानू पर्ने बाध्यता हिजोआज हटेको उनले बताइन् । प्रदेश सरकार मार्फत ३८ लाख ३ हजार २ सय ४ रुपैयाँको लागतमा पुल निर्माण सम्पन्न भएको प्यूठान नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष सुमनराज श्रेष्ठले बताए ।

# बिस्तारामा थलिएका चित्रबहादुर बाईसाईकलको सहायताले हिड्ने भए

**झुलेनी पोष्ट**

**प्यूठान**

लामो समयदेखि हिड्डुल गर्न नसक्ने चित्र बहादुर अहिले भने हिड्डुल गर्न सक्ने भएका छन् । झिमरुक गाउँपालिका ७ तुषाराका चित्र बहादुर रोका बिगत २८ बर्ष देखि हिडडुल गर्न सक्ने थिएनन । जन्मिएको २ बर्षमा उनको शरिरको बायाँ भाग चल्न छाडेपछि बिस्तारै उनी ओछ्यानमा थला परेका थिए ।

प्युठानका गरिब तथा बिपन्न परिवारका धैरै बिरामीहरुको उपचार गर्दै आएका पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा कार्यरत डाक्टर राजेन्द्र पौडेलले अहिले चित्र बहादुरलाई निशुल्क रुपमा बाईसाईकल उपलब्ध गराएपछि हिड्न सक्ने भएका हुन ।

अहिले उनी ओन हेन्ड बाईसाईकलको सहायताले हिड्ने भएका




हुन । चित्र बहादुरको उपचारको लागि लुम्बिनी प्रदेश सभा सांसद निमा गिरीले डा. पौडेलसंग समन्वय गरी पोखरा पठाएकी थिईन। चित्रबहादुरलाई पोखरा जाने आउने गाडी भाडा र खाना बस्न समेत निशुल्क व्यवस्था मिलाएको डाक्टर पौडेलले बताए ।

अहिले घर बाहिर समथर ठाउँमा उक्त बाईसाईकलको सहायताले हिड्न सक्ने भएको छु भन्दै चित्रबहादुरले डाक्टर राजेन्द्र पौडेललाई धन्यवाद दिएका छन्।

# चान्जाको विद्यालय पहिरोको उच्च जोखिममा

**झुलेनी पोष्ट**

**प्यूठान**

**अविरल वर्षाका कारण प्यूठान नगरपालिका ५ स्थित चान्जाको बैकल्पिक वाल विकास केन्द्रको भवन जोखिममा परेको छ । माथि र तलबाट आएको पहिरोले विद्यालयको शौचालय भत्किएको छ ।**

**खेलमैदान पूरै बगेको स्थानीय किम बहादुर जिसीले जानकारी दिए । विद्यालय पूर्णरुपमा जोखिमा रहेकोले विद्यालय अन्यत्र सार्नुपर्ने अवस्थामा रहेको उनले बताए । विद्यालयमा पठन/पाठन गराउन सक्ने अवस्था नभएको प्रधानाध्यापक तुल्सिराम भुसालले जानकारी दिए ।**



**प्यूठान नगरपालिका ५ जुम्रिकाँढा डाडाँपारीको दुर्गम बस्ति चान्जामा स्थानीयको सक्रियतामा ३ कक्षा सम्म विद्यालय सञ्चालनमा छ। विद्यालयमा ४० जना विद्यार्थी छन् । यहाँबाट कक्षा ३ उत्तिर्ण गरेपछि माथिल्लो कक्षा अध्ययन गर्न दुई घण्टा हिँडेर जुम्रीकाँडाको ठूलो गाउँको विद्यालयमा पुग्नुपर्छ ।**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक


## नसर्न रोगहरूको जोखिम कम गर्न सधै स्वस्थ जीवनशैली अपनाऔं

- सूर्तिजन्य पदार्थ तथा मदिरा कहिल्यै सेवन नगरौं ।
- शरिरको मोटोपना घटाउन नियमति व्यायाम गरौं ।
- उचाई अनुसार शरिरको तौल कायम गरौं ।
- चिल्लो, गुलियो, नुनिलो कम खाने गरौं ।
- दैनिक ५ ग्राम भन्दा कम नुनखाने गरौं ।
- मानसिक तनाव नलिऔं रिसाउने बानी पनि नगरौं ।
- अन्न, दाल, गेडागुडी, दूध, दही, माछा, बोसो नभएका मासु, अण्डा सहितका सन्तुलित खाना हरिया सागसब्जी, फलफूल प्रशस्त रुपमा खाने गरौं ।
- कोल्ड ड्रिङ्क्स गुलियो पेय पदार्थ, मिठाई, चकलेट, चाउचाउ, चिप्स जस्ता खानेकुराहरु सकभर नखाऔं ।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्युठान

## उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

उपभोग्य वस्तु खरिद बिक्रि तथा उपभोग गर्नुअगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यसायीको परिचय कायम गरौं ।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने बस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य बस्तुको आवश्यकता अनुसारका तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना इजाजत सुर्तिजन्य मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्रि गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौ ।
- कारोवार स्थलमा साइनबोर्ड तथा मुल्यसूची स्पष्ट देखिन गरी अनिवार्य रुपमा राख्ने गरौं ।
- उपभोग्य वस्तु खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं । उपभोक्ताले कुनै पनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति , मुल्य,
- तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं
- । प्लाष्टिकका झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं ।
- कृत्रिम अभाव श्रृजना गरिएका, कमसल वस्तु बिक्रि वितरण गरेको पाइएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, वा घरेलु तथा
- साना उद्योग कार्यालयमा उजुरी गरौं। उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारि

अनुरोधक :
घरेलु तथा साना उद्योग कार्यालय,
खलङ्गा प्युठान

## गाउंपालिकाबासीहरुमा अनुरोध

जंगाली च्याउहरु निकै विषालु पनि हुन सक्छन् त्यसैले जथाभावी रुपमा उम्रिएका जंगाली च्याउहरु नखाऔं, च्याउ पहिचान गरेर वा खेति गरी उमारेका च्याउहरु मात्र खाने गरौ,आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुरोधक :
गौमुखी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय लिवाङ, प्युठान ।

## सम्पूर्ण उपभोक्ता वर्गमा अनुरोध

- व्यवसाय गर्नेको साइनबोर्ड, मुल्यसूची भए/नभएको हेरौं ।
- प्याकिङ गरिएका सामानहरुमा उत्पादनकर्ताको नाम, ठेगाना हेरेर मात्र सामान खरिद गरौं ।
- प्याकिङ गरिएका सामानमा उत्पादन तथा उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुन : लेवलिङ छपाई गरेका बस्तु खरिद नगरौं ।
- उपभोग्य मिति समाप्त भएका बस्तु खरिद नगरौं ।
- औषधिको प्याकिङमा उपभोग्य मिति प्रयोग गर्ने तरीका उल्लेख छ छैन हेरौं ।
- सामान खरिद गर्दा बिल प्राप्त गर्ने उपभोक्ताको अधिकार हो । सामान खरिद गर्दा बिल अनिवार्य लिने बानीको विकास गरौं ।
- गुणस्तरहीन बस्तुको प्रयोगबाट हानी नोक्सानी भएमा क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा उजुरी गरौं ।
- अखाद्य कमसल उपभोग्य बस्तुको बिक्रि बितरण गरेको पाइएमा वा भएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, उपभोक्ता संस्था वा सम्बन्धित नगरपालिका तथा गाउँपालिकामा तुरुन्त उजुरी गरौं ।

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय भिंगृ, प्युठान ।

## सम्पूर्ण नगरबासीहरुमा अनुरोध

विद्युतिय उपकरणहरु मोबाइल,ट्याब,ल्यापटप आदिको अत्यधिक प्रयोगले बालबालिकाहरुको आँखाको ज्योति बिग्रने ,दिमागमा असर पर्ने, समयमा नसुत्ने, निद्रा नलाग्ने , एकान्तमा बस्न मन पराउने, खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,साथीहरुसंग घुलमिल नहुने, झिंजिने तथा एकै ठाउँमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने र बालबालिकाहरुमा विभिन्न किसिमका शारिरीक तथा मानसिक समस्याहरु देखिने भएकाले बालबालिकाहरुलाई विद्युतीय उपकरणहरुको अत्यधिक प्रयोग गर्न नदिऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुरोधक :
प्युठान नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान ।




## गाउंपालिकाबासीहरुमा अनुरोध

जंगली च्याउहरु निकै विषालु पनि हुन सक्छन् त्यसैले जथाभावी रुपमा उम्रिएका जंगली च्याउहरु नखाऔं, च्याउ पहिचान गरेर वा खेति गरी उमारेका च्याउहरु मात्र खाने गरौ,आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

अनुरोधक :
**नौबहिनी गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय बाहाने , प्युठान ।

## गाउंपालिकाबासीहरुमा अनुरोध

जंगली च्याउहरु निकै विषालु पनि हुन सक्छन् त्यसैले जथाभावी रुपमा उम्रिएका जंगली च्याउहरु नखाऔं, च्याउ पहिचान गरेर वा खेति गरी उमारेका च्याउहरु मात्र खाने गरौ,आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

अनुरोधक :
**सरुमारानी गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा, प्युठान ।

**जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईँसराइ जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र नि:शुल्क रुपमा सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं र गराऔं**

१) जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
२)बच्चा जन्मेको ३५ दिनभित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई दर्ता गरौं ।
३) जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिन सकिन्छ ।
४) जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
५) विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ ।
६) सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
७) बसाई सराई दर्ता गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनु पर्छ ।
८) सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।
९) व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं ।
१०) सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान, सामाजिक सुरक्षाको हाम्रो अभियान ।

त्यसैले, जन्म, मृत्यु, विवाह, बसाइँसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।

**अनुरोधक :**

**ऐरावती गाउँपालिका,**
सामाजिक सुरक्षा तथा पंजिकरण सेवा इकाई बरौला, प्युठान ।

# जनहितमा जारी

- अव्यस्थित तरिकाले रुखहरु नकाटौं,बनजंगलको संरक्षण गरौं
- भिर पाखाबाट जथाभावी ढुंगामाटो नफिकौं
-पहिरो जाने संभावित ठाउँ वरिपरि भल कुलो तर्काऔं
- बिपद्को हिसावले जोखिम क्षेत्रहरु र सुरक्षित स्थानको पहिचान गरिराखौं
- विपदको समयमा सहयोग गर्ने निकायहरुको पहिचान गरिराखौं
-आपतकालिन सहयोगको लागि राहत सामग्रीको ब्यवस्था गरिराखौं
-उद्धारटोलीलाई परिचालन गरि राहत सामग्रीको ब्यवस्थापन गरौं
- बिपद्बाट प्रभावित तथा विस्थापितहरुलाई सुरक्षित स्थानमा पुर्नस्थापित गर्न पहल र सहयोग गरौं
- संचार सामग्री सदैव साथमा राखौं र अरुलाई पनि राख्न लगाऔं।

**जलश्रोत तथा सिचाई डिभिजन कार्यालय , प्यूठान**

## पानीको श्रोत तथा वितरण प्रणाली सफा राखौं

● पानीका मुहान तथा श्रोतलाई सफा र सुरक्षित राखौं
●खानेपानीको मुहान तथा श्रोतमा गाईबस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
● पानीको मुल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समय समयमा सफा गरौं ।
● घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समय समयमा सफा गरौं।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## सामाजिक सुरक्षा भत्ता सम्बन्धि जरूरी सुचना।

प्रस्तुत बिषयमा आ.ब.२०८०/०८१ मा यस वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुले प्रत्येक आ.ब.को भाद्र मसान्तभित्र सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्नुपर्ने कानुनी प्रावधान अनुसार मिति २०८०/०४/०१ गतेदेखि २०८०/०५/२५ गतेसम्म कार्यालय समयमा वडा कार्यालय निशानटाकुरामा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्नु हुन यस वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुमा अनुरोध छ।

नोटः परिचय पत्र नवीकरण गर्न आउँदा जेष्ठ नागरिक र दलित जेष्ठ नागरिकको हकमा नागरिकताको प्रतिलिपि,एकप्रति फोटो,बिधुवा/एकलको हकमा नागरिकताको प्रतिलिपी, एकप्रति फोटो,श्रीमानको मृत्युदर्ताको प्रतिलिपी, अर्को बिबाह नगरेको सिफारिस,अपांगको हकमा नागरिकताको प्रतिलिपी/अपांग परिचय पत्रको प्रतिलिपी,एक प्रति फोटो, संरक्षकको नागरिकताको प्रतिलिपी,दलित बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी, एकप्रति फोटो,संरक्षकको नागरिकताको प्रतिलिपी र एकप्रति फोटो अनिवार्य ल्याउनु पर्नेछ।

**मनोज कुमार जि.सी.**
**सचिव**

**नोमराज पौडेल**
**वडाध्यक्ष**

**अनुरोधक :**

# मल्लरानी गाउँपालिका

वडा नं. ३, को कार्यालय, निशानटाकुरा प्यूठान


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान